PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय
मानव बेचविखन अनुसन्धान ब्यूरो
बबरमहल, काठमाण्डौ ।

मिति: २०७९/११/१८ गते ।

फोन: ०१-५३४११७७

प्रेस विज्ञप्ति-६

(Press Release-6)

"अफ्रीकी देश युगाण्डाकी महिलालाई बेश्याबृत्तीमा लगाउने सोही देशकी महीला पक्राउ"

- **घटनाको छोटकरी विवरण:-**

पर्यटक भिसामा नेपाल आई ठमेल स्थित HOTEL JOURNEY HOME pvt.ltd मा बस्दै आएकी अफ्रीकी देश युगाण्डाकी नागरिक NATASHA भनिने IMMACULATE NABASUMBA ले परिवर्तित नाम २६ बबरमहल (१३६) लाई नेपालमा क्लीनर , वेट्रेस लगायतको काममा मासिक ५०० अमेरिकी डलर कमाई हुने तथा नेपाल आउने जाने हवाई टीकट,भिषा लगायतको खर्च समेत पछि बगाएर तिर्ने शर्तमा गिज प्रतिवादीले पिडीतलाई 28 Jan 2023 मा हवाई मार्ग हुँदै नेपाल झिकाई आफु बस्दै गरेको होटेलमा ल्याई नेपाली तथा भारतीय मुलका व्यक्तीहरुसंग शारीरिक सम्पर्क गर्नु पर्ने ,नत्र निज र निजको परीवारलाई मारीदीने सम्मको डर,धम्की दिदै शारीरिक सम्पर्क गर्न बाध्य पारेको,दिनमै ५-७ जना संग शारिरिक सम्पर्क गर्न लगाएको १ हप्ता पछी पिडीत बिरामी भई काम गर्न नसक्ने अवस्था भएपछी प्रतिवादीले पिडितलाई होटलबाट निकालेको,तत्पश्चात पिडीत युगाण्डा फर्कने भनी 26 Feb मा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल पुग्दा प्रतिवादीले निजको हवाई टिकट रद्द गरीदिएको थाहा पाएपश्चात मिति २०७९/११/१५ गतेका दिन पिडीत यस ब्यूरोको सम्पर्कमा आई मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ बमोजिम हदैसम्मको कारवाही गरी पाउँ भनी पेश गरेको जाहेरी दरखास्त उपर सम्मानित जिल्ला अदालतबाट दिन ५ (पाँच) को म्याद समेत गरी अनुसन्धान भैरहेको ।

- **पक्राउ प्रतिवादी :-**

नाम:- वर्ष २५ की राहदानी नं. A00306202 बाहक NATASHA भनिने IMMACULATE NABASUMBA

वतन:-UGANDA,MASAKA स्थायी घर भई हाल का.जि.का.म.न.पा.वडा नं.२९ ठमेल स्थित HOTEL JOURNEY HOME मा बस्ने । **पक्राउ मिति र स्थान:-**२०७९/११/१५ गते, जिल्ला काठमाण्डौ का.म.न.पा.वडा नं.२६ ठमेल ।

प्रतिवादीको फोटो:-

- **प्रारम्भिक अनुसन्धानका क्रममा खुल्न आएका कुराहरू:-**

१) प्रतिवादी नताशा भनिने IMMACULATE NABASUMBA (ईम्याक्युलेट नबसुमा) December 08 , 2022 मा नेपाल आई ठमेल स्थित HOTEL JOURNEY HOME pvt.ltd मा बस्ने गरेको ।

२) निज प्रतिवादी स्वयं यौन व्यवसायमा संलग्न हुँदै आएको र निजले ग्राहकहरुको व्यवस्था समेत आफैले गर्ने गरेको ।

३) पीडित लगायत अन्य युगाण्डाका महिलाहरुलाई समेत नेपाल झिकाई यौन कार्यमा लगाउने गरेको पाईएको ।

४) होटलमा ग्राहकहरु सम्पर्कमा नआएको बखत ठमेलका बिभिन्न नाईट क्लवहरुमा गई ग्राहकहरु खोजी ल्याउने गरेको पाईएको ।

५) उक्त होटलमा प्रति व्यक्ति रु.४,०००।–(चार हजार) देखी रु.५,०००।-(पाँच हजार) सम्म लिई पीडितलाई यौन व्यवसायमा लगाउने गरेको ।

६) पीडितलाई बेश्यावृत्तिमा लगाई ग्राहकबाट प्राप्त रकम समेत निजै प्रतिवादीले आफैले लिने गरेको ।

७) यस अपराधमा अन्य व्यक्तीहरूको संलग्नता सम्बन्धमा समेत थप अनुसन्धान भईरहेको ।

प्रवक्ता

(कृष्ण प्रसाद पगेनी)

प्रहरी उपरीक्षक

सम्पर्क न:९८५१२८१३३०